# गौर नगरपालिका कार्यालय

## OFFICE OF THE GAUR MUNICIPALITY

रौतहट, गौर

Rautahat, Gaur

## नगर ढल निकास गुरु योजना तथा नगर यातायात गुरु योजना निर्माण कार्यको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति २०७३/१०/२४ गते

यस गौर नगरपालिकाको लागि नगर ढल निकास गुरु योजना तथा नगर यातायात गुरु योजना निर्माण गर्न स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम परामर्श सेवाको लागि गुणस्तर तथा लागत विधी द्धारा परामर्शदाता प्रतिस्पर्धावाट छनौट गर्नु पर्ने भएकोले उल्लेखित कार्य गर्न इच्छुक फर्म वा कम्पनिवाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु ३००/- (पछि फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक, शाखा गौरमा रहेको यस कार्यालयको खाता नं. १२१०३०४०३४३०२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी कार्य विवरण (TOR) खरिद गर्न सकिनेछ । १६ औं दिनको १२:०० वजे भित्र कार्य विवरण र निम्न उल्लेखित कागजातहरु संलग्न गरी प्राविधिक तथा आर्थिक प्रस्ताव छुटाछुटै शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ । कार्य विवरण (TOR) खरिद गर्ने, दाखिला तथा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । दर्ता हुन आएको शिलवन्दी प्राविधिक प्रस्तावहरु १६ औं दिन दिनको २:०० वजे प्रस्तावदाता प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ तर निजहरुको अनुपस्थितमा पनि प्राविधिक प्रस्ताव खोल्न बाधा पर्ने छैन । प्राप्त प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुनेछैन । यस सम्वन्धी थप जानकारीको लागि यस नगरपालिकाको योजना तथा प्राविधिक शाखामा सर्म्पक गर्नहुन अनुरोध छ ।

१. नगर ढल निकास गुरु योजना (Municipality Drainage Master Plan)

क) प्रस्तावित लागत :- बढीमा १०,००,०००/-

ख) कार्य अवधी :- २०७४ साल जेष्ठ मसान्त सम्म ।

ग) प्राविधिक प्रस्तावको अंकभार ८० हुनेछ र उतिर्णाङ्क ६० प्रतिशत हुनेछ ।

घ) आर्थिक प्रस्तावको अंकभार २० हुनेछ ।

२. नगर यातायात गुरु योजना (Municipality Transport Master Plan)

क) प्रस्तावित लागत :- बढीमा १०,००,०००/-

ख) कार्य अवधी :- २०७४ साल जेष्ठ मसान्त सम्म ।

ग) प्राविधिक प्रस्तावको अंकभार ८० हुनेछ र उतिर्णाङ्क ६० प्रतिशत हुनेछ ।

घ) आर्थिक प्रस्तावको अंकभार २० हुनेछ ।

३. परामर्शदाताले प्राविधिक प्रस्तावको साथमा पेश गर्नुपर्ने कागजातहरु

क) परामर्शदाता फर्म वा कम्पनिको विवरण, संगठन, कर्मचारी र निजहरुको अनुभव तथा योग्यता

ख) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनिले संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म र कम्पनिको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनिको नाम

ग) प्रस्तावित कार्यमा संल्गन हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

घ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय र कार्य योजना

ङ) परामर्शदाताको मु.अ. कर दर्ता, फर्म वा कम्पनिको अध्यावधिक नवीकरण एंव आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि